# नेपाल राजपत्र

## भाग ३

श्री ५ को सरकारद्वारा प्रकाशित

खण्ड २९] काठमाडौं, फागुन १३ गते २०३६ साल [संख्या ४४


श्री ५ को सरकार

### वन मन्त्रालयको

### सूचना

राष्ट्रिय निकुञ्ज तथा वन्यजन्तु संरक्षण ऐन, २०२९ को दफा ३ को उप-दफा (१) ले दिएको अधिकार प्रयोग गरी श्री ५ को सरकारले कोसी अञ्चल सुन्सरी जिल्लामा पर्ने देहायका चारकिल्लाभित्रको क्षेत्रलाई "कोसीटप्पू वन्यजन्तु आरक्ष" घोषित गरेको छः–

पूर्वः– कोसी नदीको पूर्वी तटवन्धको २२ आर. डी. देखि ७८ आर. डी. सम्म।

पश्चिमः– कोसी नदीको पश्चिमतर्फको स्पर नं. २२ देखि दक्षिणतर्फ कोसी नदीको पश्चिम किनार हुँदै स्पर नं. १ सम्म र सो स्पर नं. १ बाट सीधा बाँध हुँदै दक्षिण सीमानाले भेटेको बाँधको बिन्दुसम्म (यसमा स्परहरूभित्र पर्ने गरी सीमाना निर्धारण गरिएको छ)।

उत्तरः– कोसी नदीको पूर्वी बाँधको ७८ आर. डी. बाट कोसी नदीतर्फ जाने मूलबाटो हुँदै कोसी नदीको किनारसम्म र त्यहाँबाट सोझै पश्चिमतर्फको स्पर नं. २२ सम्म।

दक्षिणः– कोसी नदीको पूर्वी तटवन्धको २२ आर. डी. बाट सीधा ९० डिग्रीको कोणमा कोसी नदीको पश्चिम तटवन्धमा भेट्ने बिन्दुसम्म।

खण्ड २६ मिति २०३३।४।४ संख्या १४ को नेपाल राजपत्र भाग ३ मा प्रकाशित कोसीटप्पू वन्यजन्तु आरक्ष घोषितसम्बन्धी यस मन्त्रालयको सूचना खारेज गरेको छ।

आज्ञाले–

५९६

मी. सु. प्रकाशमान सिंह

श्री ५ को सरकारको सचिव

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

मुद्रण विभाग, सिंहदरबार

५१८

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।